# प्रेममा साँचो बोल्दै

भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक ८


## यो सबै कसले बनाउनुभयो?

हामी बस्ने यो ब्रह्माण्ड। तातो गर्मीको दिनमा नजिकै जस्तो लाग्ने सूर्य, तर वास्तवमा १४ करोड ८८ लाख किलोमीटर टाढा छ। यति टाढा रहेका ताराहरू, जसको प्रकाश पृथ्वीमा आइपुग्न धेरै शताब्दी लाग्छ, यद्यपि प्रकाशले एक सेकेन्डमा ३००,००० किलोमीटर यात्रा गर्छ। चलायमान लाखौँ ग्रहहरू, र यति सूक्ष्म रूपमा मिलाइएका



कि तिनले मानव अवलोकनका लागि मापनका आधारहरू नै बनाउँछन्।

के यो सबै केवल संयोगले भयो त? कदापि होइन। के तपाईं कल्पना गर्न सक्नुहुन्छ—ताराहरू भेला भएर "हामी एक-अर्काको बाटो नछेकौँ" भनेर निर्णय गरेको? निश्चय नै परमेश्वर हुनुहुन्छ। उहाँको अद्भुत बुद्धिले यो सबै योजना गर्नुभयो, उहाँको अनन्त शक्तिले यो सबै सृष्टि गर्नुभयो, र आजसम्म पनि यसलाई हाम्रो आनन्दका लागि टिकाइराख्नुभएको छ।

## यो तपाईंमाथि निर्भर छ

तपाईंको आत्माको अनन्त भविष्य निर्धारण गर्ने एउटा मात्र कुरा छ—यस जीवनमा परमेश्वरका पुत्र येशू ख्रीष्टसम्बन्धी तपाईंको निर्णय। अहिले तपाईं उदासीन हुन सक्नुहुन्छ, तर एकपटक मृत्यु आएपछि तपाईंको गन्तव्य सदाका लागि निश्चित हुनेछ। बाइबल भन्छ, "मानिसहरूका निम्ति एकपल्ट मरण र त्यसपछि न्याय नियुक्त गरिएको छ" (हिब्रू ९:२७)। मृत्युको त्रास यही हो—जीवनशक्ति घट्नु मात्र होइन, तर परमेश्वरको टार्न नसकिने न्याय। मृत्यु डर लाग्दो हुनुको कारण यो हो कि त्यसपछि हामी आफ्ना पापहरूको जवाफ दिन बाध्य हुनेछौं। प्रेरित पावलले लेखेझैँ, "मृत्युको खील पाप हो" (१ कोरिन्थी १५:५६)। **येशू ख्रीष्ट हामीलाई यही भयबाट छुटकारा दिन आउनुभयो। क्रूसमा उहाँले हाम्रा सबै पापको दण्ड आफैमाथि सहनुभयो। प्रेरित पत्रुसले घोषणा गरेका छन् कि ख्रीष्टले "आफ्नो शरीरमा हाम्रा पापहरू क्रूसमाथि बोक्नुभयो" (१ पत्रुस २:२४)।**

के तपाईं अहिले उहाँलाई आफ्नो उद्धारकर्ता भनेर स्वीकार गर्नुहुन्छ? पाप र आफ्नै बाटोबाट फर्कनुहोस्, र परमेश्वरका पुत्र येशू ख्रीष्टमा विश्वास गर्नुहोस्, जसले भन्नुभएको छ, "साँचो-साँचो म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, ऊसँग अनन्त जीवन छ, र ऊ न्यायमा पर्नेछैन, तर मृत्युबाट जीवनमा सरिसकेको हुन्छ।" — जोन टी. वालस

## जब म भन्छु कि म ख्रीष्टियन हुँ...

जब म भन्छु कि म ख्रीष्टियन हुँ, म आफ्नो श्रेष्ठता देखाइरहेको हुँदैन। म खुशीका साथ यो भन्छु कि म पहिले हराएको थिएँ, तर अब परमेश्वरको दयाअनुसार भेट्टाइएको र क्षमा पाएको छु। म यो कुरा गर्वका साथ भन्दिनँ। म इमानदारीपूर्वक स्वीकार गर्छु कि म लड्छु, र मलाई सधैं ख्रीष्टले मार्ग देखाउन आवश्यक छ। जब म भन्छु कि म ख्रीष्टियन हुँ, म आफू बलियो छु भनी दाबी गर्दिनँ। म स्वीकार गर्छु कि म धेरै कमजोर छु, र अघि बढिरहन उहाँको दैनिक सामर्थ्य र शक्तिको मलाई आवश्यकता छ। उहाँ बिना म केही पनि गर्न सक्दिनँ। जब म भन्छु कि म ख्रीष्टियन हुँ, म आफ्ना सफलताहरूको घमण्ड गर्दिनँ, किनकि जब म आफ्नै प्रयासमा गर्छु म असफल हुन्छु, तर जब म उहाँमा भरोसा गर्छु, उहाँ सफल हुनुहुन्छ। जब म भन्छु कि म ख्रीष्टियन हुँ, म आफू सिद्ध छु भनी दाबी गर्दिनँ। मेरा कमजोरीहरू धेरैलाई देखिन्छन्, र म सिद्धताबाट धेरै टाढा छु। तर मेरो भरोसा एक सिद्ध उद्धारकर्तामाथि छ, जसले मेरो ख्याल गर्नुहुन्छ। जब म भन्छु कि म ख्रीष्टियन हुँ, म "म तिमीभन्दा पवित्र छु" भन्ने भावनासहित बोलिरहेको हुँदैन। म केवल परमेश्वरको अनुग्रह र उहाँको सित्तैंको उद्धारको वरदान पाएको एउटा साधारण पापी हुँ। र जस परमेश्वरले यो सबै मेरो निम्ति गर्नुभयो, उहाँ तपाईंको निम्ति पनि त्यही गर्न इच्छुक, तत्पर र तयार हुनुहुन्छ। — जर्ज जेलर

© 2026 WORDOFTRUTH.COM.NP

# परमेश्वर संसारमा के गर्दै हुनुहुन्छ?

## अध्याय २ [४ मध्ये भाग ४]

### सत्यत्यागको खतरा

मोशा सिनाई पर्वतमा परमेश्वरसँग कुरा गरिरहनुभएको बेला शैतानले इस्राएल राष्ट्रमाथि फेरि आक्रमण गर्‍यो। व्यवस्थामा परमेश्वरले इस्राएलीहरूलाई आफ्नै वा अन्य देवताहरूको कुनै पनि मूर्ति बनाउन वा पूजा गर्न निषेध गर्नुभएको थियो। त्यसैले इस्राएलले मूर्तिपूजा गरेमा



परमेश्वरको क्रोध उनीहरूमाथि आउनेछ भन्ने कुरा शैतानलाई थाहा थियो। त्यसकारण उसले इस्राएलीहरूलाई हारूनसँग पूजा गर्नका लागि एउटा मूर्ति बनाउन आग्रह गर्न उक्सायो। हारूनले माने, र मानिसहरू मूर्तिपूजा र अनैतिक काममा लागे (प्रस्थान ३२:१–६)। परमेश्वरले त्यसमा सहभागी भएका मानिसहरूलाई मात्र दण्ड दिएर यस सत्यत्यागको अन्त्य गर्नुभयो (प्रस्थान ३२:७–३५)।

### भेट हुने पाल र बलिदानहरू

इस्राएलको परमेश्वरसँग विशेष सम्बन्ध भएको कारण, उनीहरूसँग उहाँको आराधना गर्ने एउटा स्थान हुनु आवश्यक थियो, र उहाँले पनि उनीहरूको बीचमा विशेष अर्थमा वास गर्ने ठाउँ हुनु आवश्यक थियो। यस उद्देश्यका लागि परमेश्वरले मोशालाई "भेट हुने पाल" भनिने एउटा सार्न मिल्ने आराधना–वासस्थानको योजना प्रकट गर्नुभयो (प्रस्थान २५–३१)। भेट हुने पाल बनाइएर स्थापना भएपछि, परमेश्वरको महिमाले त्यसलाई भरिदियो, जुन इस्राएलमा परमेश्वरको संरक्षणात्मक उपस्थितिको चिन्ह थियो (प्रस्थान ४०:३४–३८)। परमेश्वरले इस्राएललाई भेट हुने पालमा चढाइने बलिदानहरूको व्यवस्था पनि दिनुभयो (लेवी १–७), ती बलिदान चढाउने पूजाहारीगिरी पनि दिनुभयो (लेवी ८–१०), र पालन गर्नुपर्ने आराधनाको विधि पनि दिनुभयो (लेवी ११–२५)। यद्यपि ती बलिदानहरूले चढाउने मानिसहरूको पाप हटाउन सक्दैनथे (हिब्रू १०:४), तिनको शिक्षात्मक मूल्य भने थियो। तिनले इस्राएलीहरूलाई सिकाए कि पापी मानिस पवित्र परमेश्वरसँग सही सम्बन्धमा ल्याइने एकमात्र बाटो प्रतिस्थापनात्मक, रगतको बलिदानद्वारा हो। प्रतीकात्मक रूपमा तिनले अघि नै आउने मुक्तिदाताको आफ्नै रगतको बलिदानलाई देखाएका थिए, जसले पापलाई पूर्ण रूपमा र सदाको लागि हटाउने थियो (हिब्रू १०:१, १०–१४)।



### कादेश-बार्नियामा भएको असफलता र मरुभूमिको भौँताराइ

इस्राएल कनानको सिमानामा रहेको कादेश-बार्नियामा आइपुग्दा शैतानले फेरि आक्रमण गर्‍यो। उसले मानिसको डर प्रयोग गरेर अविश्वास उत्पन्न गरायो, सायद यसले परमेश्वरको क्रोध भड्काओस् र राष्ट्रलाई नष्ट गराओस् भन्ने आशामा। कनानका मानिसहरूमाथि विजय दिने परमेश्वरका प्रतिज्ञाहरू भए पनि (प्रस्थान २३:२०–३१), इस्राएलीहरूका जासुसहरूले कनानीहरू आफूहरूभन्दा कदमा ठूलो छन् भनेर खबर दिएपछि इस्राएलीहरू डराएर आत्तिए। (गन्ती १३:२५–३३)। अविश्वासमा उनीहरूले परमेश्वरको निन्दा गरे र मिस्र फर्कने निर्णय गरे (गन्ती १४:१–१०)। परमेश्वरले यस अविश्वासको सामना गर्दै इस्राएलीहरूलाई फेरि सिनाईको मरुभूमितर्फ फर्काइदिनुभयो, र उनीहरूलाई चालीस वर्षसम्म मरुभूमिमा भौँतारिन दिनुभयो, जबसम्म बीस वर्ष उमेर पुगेका र त्योभन्दा माथिका सबै मरेनन्। पुरानो पुस्ता कनानमा प्रवेश गर्न नपाउने भए (गन्ती १४:११–३५)।

भौँताराइका वर्षहरूमा इस्राएलमाथि शैतानले बारम्बार आक्रमण गरिरह्यो। उसले असन्तोष, दिक्दारी, पानीको अभाव, र विदेशी शक्तिहरूलाई आफ्ना साधन बनाए। त्यसको परिणामस्वरुप इस्राएलीहरूले आफ्ना अगुवाहरूविरुद्ध विद्रोह गरे (गन्ती १६) र परमेश्वरविरुद्ध गुनासो गरे (गन्ती २०:२–१३; २१:४–९)। यसरी शैतानले परमेश्वरको धैर्य परीक्षा गर्‍यो, मुक्तिदाता आउने मानिसहरूलाई परमेश्वरले नै नष्ट गरिदिऊन् भन्ने आशामा। परमेश्वरले हरेक पटक राष्ट्रलाई न्याय त गर्नुभयो, तर उहाँले

उनीहरूलाई कहिल्यै पूर्ण रूपमा नष्ट गर्नुभएन। जब यी शैतानी प्रयासहरू असफल भए, शैतानले कनानीहरू र त्यसपछि अमोरीहरूलाई इस्राएलमाथि पठायो ताकि उनीहरूले इस्राएललाई नष्ट गरून् (गन्ती २१:१–३, २१–३५)। परमेश्वरले इस्राएललाई सैनिक विजय दिएर यी आक्रमणहरूको सामना गर्नुभयो। इस्राएल मोआबका मैदानहरूमा आइपुग्दा शैतानले फेरि आक्रमण गऱ्यो। मोआबका राजा बालाकले मोआबीहरूले इस्राएललाई नष्ट गर्न सकून् भनेर इस्राएललाई श्राप दिन अगमवक्ता बालामलाई भाडामा लिए। परमेश्वरले यस चालको सामना गर्दै अगमवक्तालाई श्राप दिनुको सट्टा इस्राएललाई आशिष दिन लगाउनुभयो (गन्ती २२–२४)।

तर शैतानले अगमवक्ता बालामलाई प्रयोग गर्न अझै छोडेको थिएन। बालामले इस्राएललाई नष्ट गर्ने अर्को दुष्ट उपाय निकाल्यो। उसले बालाकलाई मोआबी र मिद्यानी स्त्रीहरू प्रयोग गरेर इस्राएलीहरूलाई अनैतिकता र मूर्तिपूजातर्फ फसाउन सल्लाह दियो (गन्ती ३१:१६)। त्यो सल्लाह सफल भयो। इस्राएलमाथि ठूलो न्याय नआओस् भनेर परमेश्वरले दोषी इस्राएली अगुवाहरूलाई तुरुन्तै झुण्ड्याउन आदेश दिनुभयो। पछि एउटा इस्राएली पुरुषले एउटी मूर्तिपूजक स्त्रीलाई राष्ट्रभित्र ल्याएपछि मानिसहरूबीच महामारी फैलियो। पूजाहारी पीनहासले ती पुरुष र स्त्रीलाई मारेपछि त्यो महामारी रोकियो (गन्ती २५:४–८)। यसरी परमेश्वरले न्यायद्वारा सत्यत्यागको यो नयाँ फैलावट अन्त्य गर्नुभयो।

भौँताराइका चालीस वर्षहरू लगभग समाप्त हुन लाग्दा, मोशाले इस्राएलीहरूको नयाँ पुस्तालाई कनान विजयका लागि तयार पार्नुभयो (गन्ती २६–३६; व्यवस्था)। उहाँले इस्राएललाई कनानमा बसिरहेका मानिसहरूलाई नष्ट गर्न चेतावनी दिनुभयो (गन्ती ३३:५०–३४:१५)। ती मूर्तिपूजक जातिहरू यति धेरै भ्रष्ट भइसकेका थिए कि उनीहरूको अधर्मको घडा भरिसकेको थियो र न्यायका लागि तयार भइसकेका थिए। उनीहरूलाई नष्ट गरिनु थियो, ताकि शैतानले उनीहरूलाई प्रयोग गरेर इस्राएलीहरूलाई अनैतिक सत्यत्याग र भ्रष्टतामा नतानोस्, जसले इस्राएललाई पूर्ण रूपमा नष्ट गर्नुपर्ने अवस्था ल्याइदियोस् (लेवी १८:२४–२८; व्यवस्था विवरण १२:३१; २०:१७–१८)। अर्को शब्दमा, मुक्तिदाताको आगमन मानवजातिको हितका लागि कनानका भ्रष्ट जातिहरूको निरन्तर अस्तित्वभन्दा धेरै बढी आवश्यक थियो।

**— अध्याय २ (८ मध्ये) पूरा भयो। —**

साभार: What On Earth Is God Doing by Renald Showers

## अध्याय २ का पुनरावलोकन प्रश्न

1. शैतानले अदनमा मुक्तिदाताको प्रतिज्ञा सुनेपछि किन त्यसलाई आफ्नो लागि घातक ठानेको थियो?
2. पुरानो नियमको इतिहासभरि शैतानको मुख्य उद्देश्य के बन्यो?
3. हाबिलको धर्मी मनोभावले शैतानलाई के विश्वास दिलायो?
4. कयिनले हाबिललाई मार्नुमा शैतानको संलग्नता कसरी प्रकट हुन्छ?
5. परमेश्वरले हाबिलको हत्या भएको कुराको सामना गर्न कुन छोरो दिनुभयो, र उसको नामको अर्थ के हो?
6. शैतानले "धर्मी छोराहरू नष्ट गर्ने" रणनीति किन परिवर्तन गऱ्यो, र नयाँ योजना के थियो?
7. कयिन र उसका सन्तानहरूले बनाएको सभ्यताको विशेषता के–के थिए?
8. सेथको वंश कयिनको वंशसँग सम्पर्कमा आउँदा मानव जातिमा के असर पऱ्यो?
9. जलप्रलय ल्याउनु परमेश्वरको उपाय किन बन्यो, र यसले मुक्तिदाताको वंशलाई कसरी जोगायो?
10. बाबेलको टावर निर्माणको पछाडि शैतानको उद्देश्य के थियो, र परमेश्वरले त्यसलाई कसरी रोक्नुभयो?
11. राष्ट्रहरूको सुरुवातपछि परमेश्वरले इस्राएल राष्ट्र बनाउने योजना कसरी प्रकट गर्नुभयो?
12. अब्राहामसितको करारमा परमेश्वरले कुन तीन प्रकारका प्रतिज्ञा गर्नुभयो?
13. "पृथ्वीका सबै कुलहरू आशिषित हुनेछन्" भन्ने प्रतिज्ञाले उद्धारकर्ताबारे के जनाउँछ?
14. अब्राहामका सन्तानहरू मिस्रमा किन गए, र त्यहाँ परमेश्वरले तिनीहरूलाई कसरी बढाउनुभयो?
15. मिस्रमा इस्राएलविरुद्ध शैतानको पहिलो ठूलो आक्रमण कसरी सुरु भयो?
16. फारोले इस्राएललाई नष्ट गर्न कुन प्रकारको योजना बनायो?
17. परमेश्वरले फारोको इच्छालाई तोड्न कुन उपायहरू प्रयोग गर्नुभयो?
18. प्रस्थानको क्रममा लाल समुद्रमा इस्राएल फसेको जस्तो देखिँदा परमेश्वरले कसरी उद्धार गर्नुभयो?
19. मरुभूमिको यात्रामा पानी र भोजनको अभाव हुँदा परमेश्वरले इस्राएललाई कसरी जोगाउनुभयो?
20. सिनाई पर्वतमा परमेश्वरले मोशामार्फत इस्राएलसँग करार स्थापना गर्दा यसको मुख्य उद्देश्य के थियो?
21. अमालेकीहरूको आक्रमणको समयमा मोशाको प्रार्थनाले इस्राएलको विजयमा कसरी भूमिका खेल्यो?
22. मोशा सिनाई पर्वतमा हुँदा शैतानले इस्राएललाई कुन पापमा फसाउन खोज्यो?

23. "भेट हुने पाल" बनाउनुको उद्देश्य के थियो, र परमेश्वरको महिमाले त्यसलाई भरिनु केको चिन्ह थियो?
24. भेट हुने पालमा दिइएका बलिदानहरूले इस्राएली-हरूलाई कुन मुख्य सत्य सिकाउँथे?
25. कादेश-बार्नियामा जासुसहरूको रिपोर्टले इस्राएलमा कस्तो अविश्वास उत्पन्न गर्‍यो?
26. परमेश्वरले इस्राएललाई चालीस वर्ष मरुभूमिमा भौंतारिन किन दिनुभयो?
27. भौंताराइका वर्षहरूमा शैतानले इस्राएलमाथि बारम्बार कुन साधनहरू प्रयोग गरेर आक्रमण गर्‍यो?
28. कनानी र अमोरीहरूद्वारा आक्रमण हुँदा परमेश्वरले इस्राएललाई कसरी प्रतिरक्षा गर्नुभयो?
29. बालाकले बालामलाई भाडामा लिएर के गराउन चाह्यो, र परमेश्वरले त्यसलाई कसरी उल्ट्याउनुभयो?
30. बालामको अर्को दुष्ट योजनाबाट सत्यत्याग फैलिंदा परमेश्वरले त्यसको अन्त्य कसरी गर्नुभयो?
31. कनानका मूर्तिपूजक जातिहरूलाई नष्ट गर्न मोशाले चेतावनी दिनुको मुख्य कारण के थियो, र यसले मुक्तिदाताको आगमनसँग कसरी सम्बन्ध राख्थ्यो?

*"जसले आत्माहरू जित्छ, ऊ बुद्धिमान् हो" -हितो. ११:३३*



"आत्मा जित्ने काम यस संसारको सबैभन्दा खुशी दिने कुरा हो। र तपाईंले येशू ख्रीष्टकहाँ ल्याउनु भएको हरेक आत्मासँगै, यसै पृथ्वीमै तपाईंलाई एउटा नयाँ स्वर्ग प्राप्त भएको जस्तो लाग्छ।"

- चार्ल्स स्पर्जन (1834-1892)

## तपाईंका साथीहरूले के सुन्छन्?

महान् फ्रान्सेली कलाकार मिलेटले एक पटक भनेका थिए, "साँचो कलाको रहस्य भनेको आँखाले नदेखिने कुरालाई चित्रमा उतार्नु हो।" एक दिन उनले आफ्ना कलाकार साथीलाई आफूले हालै बनाएको एउटा सानो चित्र देखाउन बोलाए। त्यो चित्र एक साधारण गाउँले दृश्य थियो—कच्ची बाटो, जहाँ बाटोछेउको घाँसमा दूधे झार र मालतीका फूलहरू फुलेका थिए। उनले सोधे, "यसले तिमीलाई के भन्छ?"



साथीले धेरै बेरसम्म ध्यान दिएर चित्र हेरे, अनि भने, "म के देखिरहेको छु ठ्याक्कै भन्न सक्दिनँ, तर म बुलबुल चराको गीत सुन्छु।"

चर्चमा संसारले देख्न र सुन्न खोजेको कुरा सुन्दर भवन, आकर्षक सजावट र आरामदायी बेञ्चहरू मात्र होइन; न त भव्य गायकदलको संगीत वा प्रभावशाली प्रवचनहरू नै हो। संसारलाई चाहिएको त येशू ख्रीष्टको सन्देश हो। तपाईं जाने चर्चमा तपाईंका पापी साथीहरूले उहाँलाई सुन्छन् त?

*"अनि यसरी उसको हृदयका गुप्त कुराहरू प्रकट गरिन्छन्; र उसले भुइँमा घोप्टो परेर परमेश्वरलाई दण्डवत् गर्नेछ र 'परमेश्वर साँच्चै तिमीहरूका बीचमा हुनुहुँदो रहेछ' भनी घोषणा गर्नेछ।" (१ कोरिन्थी १४:२५)*

## कुनै उद्देश्यका लागि जिउनुहोस्

"हजारौँ मानिसहरू सास फेर्छन्, चल्छन्, बाँच्छन्—जीवनको मञ्चबाट बितेर जान्छन्, र फेरि कहिल्यै सम्झिँदैनन्। किन? किनकि उनीहरूबाट कसैलाई आशिष् पुगेन; कसैले पनि उनीहरूलाई आफ्नो उद्धारको माध्यम भनेर देखाउन सकेन; उनीहरूले लेखेको कुनै पङ्क्ति, बोलेको कुनै शब्द सम्झन योग्य रहेन। यसरी उनीहरू नष्ट भए—उनीहरूको उज्यालो अँध्यारोमा निभ्यो, र हिजोका कीराहरूझैँ उनीहरू पनि बिर्सिए। हे अमर मानिस, के तिमी पनि यसरी नै जिउने र मर्नेछौ? कुनै उद्देश्यका लागि जिऊ। भलाइ गर, र सद्गुणको यस्तो स्मारक छोड, जसलाई समयका आँधीहरूले कहिल्यै नष्ट गर्न सक्दैनन्। वर्षैपिच्छे तिमी भेट्ने हजारौँ मानिसहरूको हृदयमा दया, प्रेम, र करुणामा येशूको नाम लेख। तब तिमी कहिल्यै बिर्सिनेछैनौ। होइन; तिमी छोडेर जाने हृदयहरूमा तिम्रा प्रभुको नाम र तिमीद्वारा उहाँले गर्नुभएका कामहरू साँझको आकाशका ताराहरूझैँ स्पष्ट देखिनेछन्। असल कामहरू पृथ्वीमा स्वर्गका ताराहरूझैँ चम्किनेछन्।"

*"अनि जो-जो समझदार छन्, उनीहरू आकाश-मण्डलको चमकझैं चम्कनेछन्; अनि जसले धेरैलाई धार्मिकतातिर फर्काउनेछन्, उनीहरू ताराहरूझैं सदा-सर्वदा चम्कनेछन्।" - दानिएल १२:३*

म परमेश्वरबाट हराएको र टाढा रहेको एक पापी हुं भन्ने कुराको महसुस गर्दै, म यो विश्वास गर्दछु कि येशू ख्रीष्ट पापीहरूका लागि मर्नुभयो, यसैले उहाँ मेरो मुक्तिदाता बन्नका लागि उहाँ मेरो लागि मर्नुभयो र बौरेर उठ्नुभयो। यसैले म विश्वासैद्वारा उहाँलाई मेरो मुक्तिदाता र बौरिउठ्नुभएको मेरो प्रभु हुनका लागि उहाँलाई मेरो हृदयमा अहिले नै ग्रहण गर्दछु। यसो गरेर म वास्तवमै विश्वास गर्दछु कि उहाँले मलाई बचाउनुभएको छ र म अब परमेश्वरको सन्तान हुं।

नाम ____________________

मिति ____________________

सम्पर्क: नारायणगढ चर्च, लायन्स चोक, भरतपुर-२, चितवन ✦ 9855071310